मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

सूचना नं.२५/०८०/०८१

मितिः२०८१/०२/०१

## दरखास्त आह्वान सम्बन्धी सूचना

खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी वास प्लान (Wash Plan) तयारी गर्न वडास्तरबाट तथ्याङ्क संकलनको लागि तपसिलमा उल्लिखित पदमा सेवा करारमा एक महिनाको लागि पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट आवश्यक कागजातसहित सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्रमा यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद/तह | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| ०७/०८०/०८१ | वास डाटा संकलक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in civil Engineering वा +२ उत्तीर्ण गरेको |

१.उमेरः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूराभई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष )

२. दरखास्त दिने स्थानः मानेभन्ज्याङ गाउँपालिकाको कार्यालय ओखलढुंगा ।

३. दरखास्त दिने अन्तिम मितिः २०८१।०२।०७ गते (कार्यालय समयभित्र)।

४.आवेदन दस्तुरः रू ५००।- दरखास्त दस्तुर वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा हि.नं.२४८०१००३०१०१०००२ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजस्व शाखामा नगद बुझाएको सक्कल रसिद पेश गर्नुपर्नेछ ।

५.छनौटको किसिमः प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन र अन्तर्वार्ता ।

६.आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि (क) नेपाली नागरिकताको प्रमाण-पत्र (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्र (घ) कामसँग सम्बन्धित अनुभव (ङ) कम्तीमा ३ महिने आधारभुत कम्प्युटर तालिमको प्रमाण-पत्र (च) २ प्रति पासपोर्ट साइजको फोटो ।

७.सेवा सुविधा तथा अन्यः कार्यालयले तोके बमोजिम ।

८.दरखास्त फारामः आवेदन ढाँचा यस कार्यालयको www.manebhanjyangmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

थप जानकारीको लागि मोवाइल नं.९८५२८४४४०८ मा सम्पर्क गर्न सकिनेछ ।

२०८१/२/१

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत



CamScanner